सम्भावित कार्यसूची
बैठक संख्या : १०-०८०/०८१

मिति : २०८०/११/१५ गते मंगलवार
समय : विहान ८:०० बजे

राक्सिराङ्ग गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व २०८०/०८१ को दसौं बैठकमा छलफलका सम्भावित विषयहरु :

१. गत बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. मासिक आय/व्यय प्रगति समिक्षा सम्बन्धमा ।
३. समपूरक तथा विशेष अनुदानका योजना स्वीकृत तथा माग सम्बन्धमा ।
४. प्राङ्गरिक मल कारखाना स्थापनाको लागि आशयपत्र पेश गर्ने सम्वन्धमा ।
५. योजना फरफारक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
६. राक्सिराङ्ग गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि,२०७८ संशोधन सम्बन्धमा
७. विविध ।
   क. रकम विनियोजन सम्बन्धमा ।
   ख. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्यको प्रतिवेदन तयारी कार्यको लागि परामर्शदातृ संस्थाहरु बाट पेश भएको कार्यक्षेत्रगत शर्त (ToR) स्वीकृत गर्ने सम्बन्धमा।

..................................
(देब चन्द्र गर्तौला)
प्रमुख प्रशासकीय अधिकृत

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

नोटः..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..............................

**मिति २०८० फाल्गुन १५ गते मंगलवार विहान ८:०० बजे राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को दशौं बैठक बसि गरेको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :**

**निर्णय नं. १**

अघिल्लो बैठकका निर्णयहरुको समिक्षा गर्दै कार्यान्वयन हुन बाँकि निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २**

चालु आर्थिक बर्षको मिति २०८०/११/१४ गतेसम्मको आय व्ययको विवरणमाथि समिक्षा गर्ने ।समिक्षा अवधिभित्र विषयक्षेत्रगत आय व्ययको प्रगति सम्बन्धी संक्षिप्त प्रतिवेदन अनुसार आयतर्फ कुल अनुमानको ५३.८८ प्रतिशत प्राप्त भैसकेको र व्ययतर्फ कुल अनुमानको ३३.८६ प्रतिशत खर्च भएको सम्बन्धमा कार्यपालिकामा छलफल गरियो ।

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि बागमती प्रदेश सरकारबाट हस्तान्तरण हुने विशेष तथा समपूरक अनुदान तर्फ निम्नानुसार कार्यक्रम तथा योजनाहरु माग गरी पठाउने ।

विशेष अनुदान तर्फ:

| क्र.सं. | विषयगत क्षेत्र | कार्यक्रम तथा योजनाको नाम | अनुमानीत बजेट रु. | कार्यान्वयन अवधि |
|---|---|---|---|---|
| १ | शैक्षिक विकास | गुणस्तरीय माध्यामिक शिक्षा कार्यक्रम | १,००,००,००० | १ बर्ष |
| २ | आधारभुत स्वास्थ्य सेवा | स्वस्थ आमा स्वस्था बालबालिका स्वप्न परियोजना | १,००,००,००० | १ बर्ष |
| ३ | खाद्य सुरक्षा | खोरिया पाटो सुधार तथा बगर खेति कार्यक्रम | १,००,००,००० | १ बर्ष |
| ४ | विपद पूनस्थापना | जोखिमयुक्त वस्ति स्थानान्तरण तथा पूनर्वास र वस्ति बचाऊ | १,००,००,००० | १ बर्ष |

समपुरक अनुदानतर्फ:

| क्र.सं. | योजनाको नाम | अनुमानीत बजेट रु. | कार्यान्वयन अवधि |
|---|---|---|---|
| १ | दुङ्गु गार्खा रतुवा सडक निर्माण | २,००,००,००० | २ बर्ष |
| २ | सिलिङ्गे गर्लिङ्ग धिराङ्ग सडक स्तरीकरण | २,००,००,००० | २ बर्ष |
| ३ | नेवारपानी कोलगैरी कुपिन्टार घ्याङ्गसिङ्गटार सडक स्तरीकरण | २,००,००,००० | २ बर्ष |



देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४ | जिर्खेडाँडा लापुर टोड्के गैजुराङ्ग सडक स्तरीकरण | २,००,००,००० | २ बर्ष |
| ५ | चैनपुर बंकिम फुलबारी वडा कार्यालय टोड्के खैराङ्ग सडक | २,००,००,००० | २ बर्ष |

**निर्णय नं. ४**

श्री पशुपन्छि विकास मन्त्रालयबाट जारी गरिएको एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार यस गाउँपालिकामा श्री राक्सिराङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि. राक्सिराङ्ग-३ साझेदार हुने गरी वडा नं. ३ सरिखेतमा कारखाना स्थापना गर्न गाउँपालिकाले २५ प्रतिशत लागत साझेदारी गर्ने गरि सिफारिस गरि पठाउने ।

**निर्णय नं. ५**

गाउँपालिकाको चालु आर्थिक बर्ष २०८०/०८१ को लागि स्वीकृत कार्यक्रम तथा योजनाहरुमध्ये कार्यपालिकाको नवौं बैठकपछि हालसम्म सम्पन्न विभिन्न ९ वटा योजनाको फरफारक सम्बन्धमा गाउँपालिकाको फरफारक समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ६**

राक्सिराङ्ग गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८ को प्रथम संशोधन गरी जारी गर्ने ।

**निर्णय नं. १०: विविध**

क. गाउँपालिकामा चालु आ.ब. २०८०/०८१ को लागि नदिजन्य पदार्थको राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धी खर्च गाउँपालिकाको आन्तरिक स्रोत (दहत्तर बहत्तर) बाट ब्यहोरिने गरी रु.५,००,००० विनियोजन गर्ने ।

ख. विद्यालयस्तरीय खेलकुद कार्यक्रम शीर्षकमा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान शीर्षकबाट रु.६०,००० रकमान्तर गरी थप गर्ने ।

ग. गैजुराङ्ग खानेपानी मर्मत शीर्षकमा अठारे खोपकेन्द्र मर्मत शीर्षकबाट रु. २,००,००० रकमान्तर गरि थप गर्ने र साङ्गे छोईलिङ्ग गुम्बा शीर्षकमा साङ्गे छोईलिङ्ग गुम्बा मूर्ती निर्माण शीर्षकबाट रु. १,५०,००० रकमान्तर गरि थप गर्ने ।

घ. सोनम ल्होछारको उपलक्ष्यमा कार्यक्रम गरेका नेपाल तामाङ घेदुङ, जिल्ला समन्वय समिति, मकवानपुर र डकु ल्हो मेघ बर्ष सोनाम ल्होछार मुल आयोजक समिति, मनहरीलाई रु.२५,००० का दरले आर्थिक सहायता प्रदान गर्ने।

ङ. प्रदेश सरकारको सशर्त अनुदानतर्फको आमाबाबुविहिन बालबालिका संरक्षण कार्यक्रममा यस गाउँपालिकको आन्तरिक स्रोततर्फको अपाङ्गता भएका विद्यार्थीहरुलाई बस्तुगत सहायता कार्यक्रमबाट रु.९६००० रकमान्तर गरी थप गर्ने।

देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत

च. गाउँपालिकाले आगामी दिनमा निर्माण गर्ने पूर्वाधार निर्माण सम्बन्धी योजनाहरु चैनपुर-बोटबारी-रतुवा सडक, चैनपुर-देविटार-पाङ्गथली सडक र मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिकास्थित लोथर खोला क्षेत्रबाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन सम्बन्धमा सेवा प्रदायक संस्थाहरुले पेश गरेका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत गर्ने ।

देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत